**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs Date: 29.10.2024**

## SDF withdraws candidature

आज सिक्किम उपचुनावबाट SDF का दुई उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिएका छन्। फलस्वरूप, सोरेङ-च्याखुङ र नाम्ची-सिंघिथाङ निर्वाचन क्षेत्रमा एसकेएम पार्टीको निर्विरोध जीत भयो। सोरेङ-च्याखुङ र नाम्ची-सिंघिथाङ निर्वाचन क्षेत्रका लागि एसडीएफका उम्मेदवार क्रमशः प्रेमबहादुर भण्डारी र दानियल राईले आफ्नो उम्मेदवारी फिर्ता लिएका छन्। यसरी, SKM बाट आदित्य गोले सोरेङ-च्याखुङ निर्वाचन क्षेत्रका र सतीशचन्द्र राई नाम्ची-सिंघिथाङ निर्वाचन क्षेत्रका उपचुनाव 2024 मा एक्लो उम्मेदवार बनेका छन्।

## Electoral Roll

भारतीय निर्वाचन आयोगले हरेक वर्ष संशोधित मतदाता निमयवालीका लागि विशेष सारांश संशोधन सञ्चालन गर्छ, जुन यस वर्ष अगस्ट २०, २०२४ देखि सुरु भएको छ र वास्तविक संशोधन आजदेखि सुरु भयो। आवेदकहरूले दावी र आपत्तिका लागि फारमहरू आजदेखि नोभेम्बर 28, 2024 सम्म बुझाउन सक्छन्।

## Diwali with MYBharat

केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मण्डावियाले ये दिवाली मेरा भारत के साथ शीर्षकको राष्ट्रव्यापी स्वैच्छिक पहलको अनावरण गर्नुभयो। यस वर्षको विषय, "यो दिवाली मेरो भारतसँग - ये दिवाली मेरा भारतवाली" चाडपर्वको मौसममा शहरी सुविधाहरूको बृद्धि र नागरिक संलग्नता प्रवर्धनमा केन्द्रित छ। मेरो भारत स्वयंसेवकहरूले अक्टोबर 28 मा गान्तोकमा प्रभावकारी सामुदायिक पहलहरूको श्रृंखला सुरु गरे। यो पहल भोलिसम्म जारी रहनेछ। स्वयंसेवकहरूले यी सेवाका अतिरिक्त MG मार्ग क्षेत्रमा पर्यटक र स्थानीय दुवैलाई MY Bharat अर्थात् मेरो भारत ब्याजहरू वितरण गर्दै छन्। आगामी अक्टोबर 31 मा मेरा युवा भारत मञ्चले आफ्नो पहिलो वार्षिकोत्सव पनि मनाउनेछ; जसको प्रधानमन्त्री श्री मोदीले आधिकारिक रूपमा 31 अक्टोबर, 2023 मा सुरु गर्नुभएको थियो।

## Marathon & Run

सरदार बल्लभभाई पटेलको जन्मजयन्तीका अवसरमा 31 अक्टोबरको दिन देशभरि राष्ट्रिय एकता दिवस मनाइनेछ। यस दिन सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभागले 16 वर्षमुनिका विद्यालयका बालबालिकाका लागि २१ किलोमिटर खुल्ला हाफ म्याराथन र ३ किलोमिटर रन फर युनिटी आयोजना गर्दै छ। दुवै दौडलाई एमजी मार्गबाट मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले बिहान 6 बजे प्रस्थान गराउनुहुनेछ। इच्छुक उम्मेदवारहरूलाई नाम दर्ता गर्न प्रोत्साहित गरिन्छ। हाफ म्याराथनमा प्रथम,

दोस्रो र तेस्रो हुने र ३ किलोमिटरका विजेतालाई आकर्षक नगद पुरस्कार प्रदान गरिनेछ। एमजी मार्ग र पाल्जर स्टेडियममा दर्ता काउन्टरहरू स्थापित गरिएको छ। दर्ता भोलि दिउँसो १२ बजे बन्द हुन्छ।

**D.G-NEZ-Sikkim University**

भारत सरकारको सूचना तथा प्रसारण मन्त्रालयको पूर्वोत्तर क्षेत्रका महानिर्देशक श्री के. सतीश नम्बु-दिरिपाडले आज सिक्किम विश्वविद्यालयको भ्रमण गरी सञ्चार सङ्कायका विद्यार्थीहरूका लागि अन्तरदृष्टिपूर्ण व्याख्यान दिनुभयो। श्री नम्बुदिरिपादले सिक्किम विश्वविद्यालयका उपकुलपतिसँग पनि भेट गर्नुभयो र उहाँहरूबीच शिक्षा र सञ्चार अभ्यासबीचको बलियो सम्बन्धलाई बढावा दिने लक्ष्य राख्दै सार्वजनिक र निजी दुवै क्षेत्रका सञ्चार पहलहरूसँग शैक्षिक गतिविधिहरूलाई समन्वय गर्ने महत्त्वपूर्ण आवश्यकताबारे छलफल भयो।

**Dhante Rus**

आज धन्तेरस हो। यस अवसरमा गान्तोकलगायत विभिन्न बजारमा मानिसहरूको भीडभाड देखियो। उनीहरू लक्ष्मी र गणेषका चित्रयुक्त सुन चाँदीको सिक्का, आभूषण, भाँडाकुरा र धातुबाट बनिएका अन्य चीजहरू किन्न व्यस्त छन्।

**Governor's Gold Cup**

सिक्किमको सबैभन्दा प्रतिष्ठित फुटबल प्रतियोगिता अखिल भारतीय गभर्नर गोल्ड कप चार वर्षको अन्तरालपछि आयोजित हुँदै छ। यस वर्ष, यस प्रतियोगिताको चालिसौँ संस्करण 8 देखि 21 नोभेम्बरसम्म पल्जर स्टेडियममा आयोजना हुनेछ। सिक्किम फुटबल संघका अध्यक्षले कोभिड र स्टेडियमको मर्मत-सम्भारजस्ता विभिन्न समस्याका कारण विगत चार वर्षदेखि प्रतियोगिता आयोजना हुन नसकेको बताउनुभयो। यसपटक चार अन्तर्राष्ट्रिय क्लबसहित १६ टोलीले प्रतिस्पर्धा गर्नेछन्। मलेसिया र दुबईका क्लबहरूले सहभागिता जनाएका छन्। हाल नेपाल लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेड र भुटान लिग विजेता ट्रान्सपोर्ट युनाइटेड पनि यस प्रतियोगितामा सहभागी छन्। चारै विदेशी क्लबलाई सिधै क्वार्टरफाइनल पुग्ने अवसर दिइएको पनि अध्यक्षले बताउनुभयो। संघको अध्यक्षले मुख्यमन्त्री श्री प्रेमसिंह तामाङप्रति चार अन्तर्राष्ट्रिय टोली ल्याउन ठूलो सहयोग गरेकामा हार्दिक धन्यवाद व्यक्त गर्नुभयो।